# प्रदेश सभा
## गण्डकी प्रदेश
## दोस्रो अधिवेशन
## (चौंतिसौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण
## मितिः- २०७५/०४/२०, दिनको २.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेश को दोस्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको २ बजेर ७ मिनेटमा प्रारम्भ भयो ।

### माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम म, माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई सभामा शून्य समय तथा विशेष समयमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

### माननीय नरदेवी पुन मगर

माननीय सभामुख महोदय, प्रदेश सभामा प्रदेश सभाका माननीय सदस्यज्यूहरुबाट उठेका २ वटा कुराहरु छन् । त्यसको विषयमा म उत्तर दिन चाहन्छु । पहिलो पश्चिमाञ्चल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र मनिपाल अस्पतालमा सिटी स्क्यान र एम.आर.आई. मेसिन नभएको भन्ने कुरा आएको थियो मैले त्यसको बारेमा जानकारी दिन चाहन्छु । मिति २०६५। ३ ।२३ मा सिक्स स्लाइसबको सिटी स्क्यान मेसिन जडान भई ३ वर्ष सम्म सेवा सञ्चालन भएको मिति २०६९ सालमा सिक्सटिन स्लाइसको मा स्तरोन्नति गरी मिति २०७१ भाद्रसम्म सेवा सञ्चालन भएको ७४

सालमा विग्रन गई मर्मतपछि पुनः सञ्चालन भएको । २०७४ साल आश्विनमा पुनः विग्रन गई हाल सम्म सञ्चालनमा नरहेको । मर्मत वा नयाँ मेशिन खरिदका लागि स्वास्थ्य सेवा विभाग र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा २०७४ साल आश्विनदेखि नै वारम्बार पत्राचार गरिएको । २०७५ ।२ ।१० मा प्राविधिक परीक्षण लागि स्वास्थ्य सेवा विभागले एक समिति गठन गरेको र परीक्षण गर्दा सिस्टम अन नभएको र समस्याको जानकारी आउन पाउन सिस्टम मर्मत नगरी नसकिने प्राविधिकहरुको भनाई रहेको । २०७५ ।४ ।१४ मा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई प्राप्त भएको समितिको ऊ अनुसार उक्त सिटी स्क्यान मेसिन मर्मत गर्नु भन्दा नयाँ मेसिन खरिन गर्न उपयुक्त हुने प्रतिवेदन पेश भएको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एम.आर.आई सेवा एम.आर.आइको सेवा नरहेको आव २०७४ /०७५ मा सम्पूर्ण ठेक्का व्यवस्थापन भई सकेको र आ.व. २०७५ /०७६ मा सेवा सञ्चालन हुने जानकारी गराउन चाहन्छु र मनिपाल शिक्षण अस्पतालको सिटी स्क्यान र एम.आर.आई. सेवा सञ्चालनको सम्बन्धमा सञ्चालनमा रहेको सिंगल स्लाइस सिटी स्क्यान मेसिन १० वर्ष अघि जडान भएको र हाल बनाउन नमिल्ने गरी बिग्रकाले सो मेसिन १२८ स्लाइस सिटी स्क्यान मेसिन द्वारा विस्थापन गर्न लागिएकोले केही समयको लागि सिटी स्क्यान सेवा अवरुद्ध भएको । नयाँ १२८ स्लाइस सिटी स्क्यान मेसिन कलकत्ता बन्दरगाहमा आई सकेकाले २०७५ भाद्र १५ गतेभित्र जडान भइ सेवा सञ्चालन हुने सम्भावना रहेको । एम.आर.आइ. सेवा निरन्तर रुपमा सञ्चालन भई रहेको जानकारी मैले प्राप्त गरेको छु र यहाँ जानकारी गराउन चाहन्छु ।

श्रमिकहरुको न्यूनतम ज्यालाको सन्दर्भमा यहाँ कोइसन उठेको थियो । श्रम कार्यालय पोखराले जनकारी गराए अनुसार नेपाल सरकार र उद्योग वाणिज्य महासंघ विच श्रमिकको न्यूनतम पारिश्रमिक निर्धारण गर्ने सहमति भए अनुसार रु. १३ हजार ४ सय पचास न्यूनतम पारिश्रमिक निर्धारण गरिएको छ । उक्त व्यवस्था २०७५ साउन १ गतेबाट लागू गर्ने सहमति भएकामा सो कुरा नेपाल सरकार

राजपत्रमा सूचना प्रकाशन नभएको अवस्था छ । श्रमिकको पारिश्रमिक भुक्तानी गर्ने कुरा बैक मार्फत गर्ने गरी लागू गर्न सामाजिक विकास मन्त्रालयबाट लेखी आएको व्यहोरा यहाँलाई जानकारी गराउन चाहन्छु । धन्यबाद ।

## माननीय सभामुख

अव म, माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री विकास लम्साललाई सभामा शून्य समय तथा विशेष समयमा उठेका प्रश्नहरुको जवाफ लगायत दिन अनुमति दिन्छु ।

## माननीय विकास लम्साल

माननीय सभामुख महोदय, समयको लागि धन्यबाद । माननीय सदस्यहरुले शून्य समय विशेष समयमा विभिन्न विषयहरुमा हाम्रो मन्त्रालयसँग सम्बन्धित विषयहरु उठाउनु भएको छ ।यसमा माननीय सदस्यहरुले उठाएका विषयहरुलाई सकेसम्म प्रष्ट पार्ने कोशिष गर्नेछु । विशेष गरी हाम्रो तालहरुको संरक्षण त्यसमा पनि फेवातालको संरक्षणको लागि धेरै पटक माननीय सदस्यहरुले सरकारको ध्यानाकर्षण गराउनुभएको छ प्रदेश सरकारको । हामीले फेवाताल लगायत हाम्रो यो प्रदेशका ९ वटा यो कास्की जिल्ला भित्र रहेका ९ वटा ताल र अरु पनि सबै तालहरु विशेष गरी तिलिचोदेखि हाम्रो नवलपुर सम्मका सबै तालहरुलाई संरक्षण गर्ने भनेर हामीले ताल संरक्षण प्राधिकरण बनाउने एउटा विज्ञहरुको टिम हामीले बनाएका छौं र त्यसले एउटा मस्यौदा तयार गर्दैछ र त्यो अब अन्तिम चरणमा हामी पुगिसकेका छौं र यो विचमा अलि धेरै संविधानलाई हामीले हेरेर ऐन नियम नितिहरु हेरेर अहिले हामी पर्यटन मन्त्रालय वन मन्त्रालयसँग पनि हाम्रो सातै प्रदेशका मन्त्रीहरुको मन्त्रालयमा पनि छलफल भएको छ । हामी कसरी यसलाई व्यवस्थित गर्ने? संघको अधिकार, प्रदेशको अधिकार अनि स्थानीय तहको अधिकार फेरि त्यो कानून बनाउने बेलामा त्यसले फेरि अप्ठ्यारो नहोस् भनेर हामीले २ दिन हामी काठमाडौंमा १ दिन पर्यटन मन्त्रालयमा, १ दिन वन मन्त्रालयमा, हामी यो मन्त्री स्तरीय छलफल पनि

भयो । यो पनि म यो सभालाई जानकारी गराउन चाहन्छु र अब हामी छिटै नै त्यसको ऐन ड्राफ्ट हुँदैछ, त्यो संसदमा आउँछ । अब त्यसलाई हामी अब सैद्धान्तिक सहमति लिएर क्याविनेट लगेर त्यसलाई छिटो भन्दा छिटो ल्याउने छौं । यसलाई अब खुसीको कुरा स्थानीय तहमा पनि नगरपालिका, पोखरा महानगरपालिकाले पनि फेवातालको संरक्षणको लागि १५ करोड रुपैया बजेट विनियोजन गरेको छ । संघीय सरकारले पनि विभिन्न तालहरुलाई  पनि छ र फेवातालको पनि त्यो सेलिट्रेसन त्यो माटोलाई तालमा जान नदिनको लागि ४० लाख रुपैया भूसंरक्षणबाट पैसा राखेको छ । हामीले प्रदेशबाट पनि विभिन्न शीर्षकमा चाहि रकम विनियोजन गरेका छौं । त्यसलाई  चाहि कसरी खर्च गर्ने भनेर रेगुलेट बडी बनाउनका लागि पनि हामी छिटो भन्दा छिटो ताल प्राधिकरण बनाउने भनेर हामी त्यसमा लागिपरेका छौं । त्यसमा राष्ट्रिय अन्तर्राष्ट्रिय प्रचलनहरु के छन् ती सबै कुरालाई हेरेर त्यो एउटा ऐन ल्याउने कुरा त्यो अलिकति महत्वपूर्ण  कुरा पनि छ त्यसमा हामी लागिरहेका छौं र मैले त्यो सबै एउटा त्यसले  सबै रुप त लिइसक्या छैन सबै त्यसको प्रकृया अघि बढि राखेको हुनाले तैपनि संसदमा माननीय सदस्यहरुले धेरै कुरा उठाएको हुनाले के गर्दैछ त मन्त्रालय भनेर यो विचैमा अहिले सम्म भएको प्रगति मैले यो संसदलाई सम्मानित संसदलाई जानकारी गराउन चाहन्छु र त्यस्तै हामी यो उद्योग ग्रामको बारेमा धेरै कुराहरु उठेका छन् ।

हामीले अहिले ८५ वटा स्थानीय तहमा यो वर्ष नै उद्योग ग्राम स्थापना गर्ने भनेर प्रिफिजिबिलिटी सर्भेको लागि तपाईको गाउँपालिकामा कहाँ तपाईको नगरपालिकामा कहाँ उद्योग राख्न संभावना छ भनेर स्थानीय तहलाई परिपत्र गरेका छौं र अहिले अब १७ वटा स्थानीय तहबाट हामी सभाबाट पास गरेर हामी जग्गा छुट्याउन नसकेर हामी गुरुयोजना बनाउन नसकेर भनेर आछैन । अरु सबैबाट हाम्रो आई सक्यो रेकर्ड । अब हामी त्यो १७ वटा बाट पनि आउँदै गर्छ, त्यहाँबाट पनि हामी माग्दै गऱ्छौं । अरुमा हामी तुरुन्तै हामी अब सूचना जारी गरेर अब एउटा डि.पि.आर. प्रिफिजिबिलिटी सर्भेको लागि विशेषज्ञ टिम हामी स्थानीय तहमा पठाउँदै छौं र त्यसको

लागि हामीले मन्त्रालयमा त्यो कार्यविधि बनाउँदै छौं र सूचना जारी गरेर अब त्यसबाट यो यो ठाउँमा उद्योग राख्न सम्भव छ छैन भनेर डिसिजन गर्न विशेषज्ञहरुको टिम तल गएर आउने कुरा पनि अगाडि बढिरहेको छ ।

अर्को धेरै माननीय सदस्यहरुले बाँदरको आतंक भयो । बाँदरले समस्या ल्यायो । यसको समस्या समाधान होस् भनेर पनि कुरा उठाउनु भएको छ । हामीले वन मन्त्रालयमा अहिले निति बनाउँदा खेरि र यो चाहि वन ऐन बनाउँदा खेरि यसको बारेमा पनि व्यवस्थित ढंगले आओस् भनेर हामीले संघीय मन्त्रालयमा पनि कुरा उठायौं । माथि पनि यो विषयमा विशेष गरी मान्छे र बन्यजन्तु विचको द्वन्द बढ्दै गएको छ । यसले क्षतिपूर्ति दिएर हुँदैन यसलाई कसरी व्यवस्थित गर्ने भनेर हामी कहाँ बाँदरको समस्या छ, चितुवाको समस्या छ र अरु तराईतिर हात्तीको गैडाको अरु समस्या पनि छ । यसको लागि अहिले त्यहाँ धेरै कुरा उठ्यो । एकदमै माथि पनि बाँदरको संसारभरिमा एउटा प्राक्टिस के हुँदो रैछ भने केज बनाएर राख्ने त्यसले पर्यटकहरुलाई पनि हेर्न जाने त्यसलाई मन्दिरमा पनि राख्ने त्यो पनि रैछ । त्यसको लागि पनि हाम्रो प्रदेशमा हामी छिटै यो केन्द्रीय संघीय सरकारले असोज ३ गतेभित्र अहिले वन मन्त्रालयमा पनि वन निति  र वन ऐनको अन्तिम चरणमा पुगेको छ र त्यो पनि हामी एक चरणमा फेरि प्रदेशमा पनि हामी त्यहाँको माननीय सदस्यहरुसँग प्रदेश सरकारसँग पनि कन्सल्ट गर्ने भनेर एउटा विशेषज्ञ टिम पनि आउँदै छ र त्यसपछि त्यो जिरो ड्राफ्ट सदनमा दर्ज भैसकेपछि हामी त्यसैको आधारमा हामी वन निति र वन ऐन पनि छिटो भन्दा छिटो हाम्रो प्रदेश वन ऐन र वन निति पनि हामी यहाँ ल्याई हाल्ने छौं । फेरि अहिले हामीले बनायो हामीले विज्ञहरु राखेर गर्‍यो फेरि संघले अर्को बनायो भने बाझिन्छ भनेर हामी नल्याएको हो र त्यो संघसँग पनि हामीले धेरै कुरा गर्‍यौं र अहिले त्यही २ दिन जुन प्रदेशको मन्त्रीहरु र संघीय मन्त्रीहरुको विचमा संवाद भयो अन्तक्रिया भयो यसले धेरै विषयहरु संघलाई हामीले एकदमै किन काम भएन भनि रहेका थियौं । उहाँहरुले हामीलाई विश्वास दिलाउनु भएको छ ।

एउटा खुसीको कुरा यो चाहि संघसँगको समन्यमा हामी कर्मचारीहरुको व्यवस्थापन। अहिले  विशेषगरी हामी प्रदेश सरकार चलिरहेको सञ्चालन छ तर हामीसँग मेनपावर एकदम कम छ । हामीलाई अहिले पर्यटन मन्त्रालयले त केही दिन सक्दैनन् तैपनि भएको पोखराको अफिसमा हामी १ /२ जना  कर्मचारीले चलाउँछम्, हाम्रो पनि संरचना छैन निजी क्षेत्रसँग समन्वय गरेर काम गर्ने हो भनेर काम गर्ने हो भनेर जवाफ पायौं। त्यसको लागि पनि हामी महाशाखा बनाउने कि कसरी जाने भनेर हामी प्रदेश स्तरमा पनि त्यो बारेमा पनि मन्त्रीपरिषद्मा छलफल हुन्छ । वन मन्त्रीले संघीय वन मन्त्रीले के भन्नुभाछ भने तपाईहरु तयारी गर्नुहोस् यो महिनाभित्र तपाईले अब जिल्लास्तरमा जिल्ला वन कार्यालयहरुलाई अब त्यो कार्यालयलाई प्रदेश स्तरको कार्यालय बनाउने डिभिजन कार्यलय बनाउने र स्थानीय तहमा कार्यालयहरुलाई सब डिभिजनहरु राख्ने र काम बनाउने भनेर हामीलाई विश्वास दिलाउनुभाछ । हामीले एकदमै रिपिट गरेर पनि सोध्यौं यो महिनाभित्र हामी अब स्थानीय तहमा गएर हाम्रा अफिसहरु खोल्छौं । यसमा चाहि म माननीय सदस्यहरुलाई यो विश्वास दिलाउन चाहन्छु र अर्को विशेषगरी पालुङटारको र चाहि मनाङको चाहि मनाङको  र हाम्रो ढोरपाटनको ३ वटा विमान स्थलहरु र बलेवाको बागलुङको बलेवाको। यी ३ वटा विमानस्थलहरुलाई सञ्चालनमा ल्याउने कुरा यो संघीय सरकारसँग रिलेटेड कुरा भा हुनाले यसलाई छिटो भन्दा छिटो सञ्चालनमा ल्याउन पयो भनेर मैले पर्यटन मन्त्रीसँग कुरा गरे । उहाँले  एकदमै यसको बारेमा विज्ञ टिम पठाउँदै छौं । पालुङटारको पनि चलाउने र मनाङको पनि मनाङको हुन्डेको पनि सञ्चालनमा ल्याउने र पर्यटकहरु ढोरपाटनको पनि ल्याउने र विशेषगरी एक स्थानीय तह एक हेलीप्याड बनाउने कुरा सेन्टरले पनि राखेको रहेछ पर्यटन मन्त्रालयले । हामीले पनि राखेका थियौं र यो काम छिटो भन्दा छिटो संघसँग समन्वय गरेर स्थानीय तह समन्वय गरेर हामी प्रत्येक स्थानीय तहमा एउटा हेलीप्याड अनिवार्य बनाउने र चाहि यी ४ वटा एयरपोर्टहरुलाई सञ्चालनमा ल्याउनको लागि केन्दीय सरकारसँग समन्वय गर्ने  भनेर हामीले कुरा गऱ्यौं त्यो कुरा पनि अगाडि बढिरहेको छ र अहिले विशेष गरी हामी ढुंगा बालवा गिटीको कार्यविधि बनाएर

हामीले कार्यान्वयनमा पठाई सक्यौं । घरबास होमस्टेको ३० करोड रुपैया छ त्यो चाहि अब हामीले ३०० होमस्टे बनाउने भन्या छौं । यसको कार्यविधि अन्तिम चरणमा पुग्या छ । अब हामी छिटो त्यो कार्यविधि मन्त्रीपरिषद्बाट पास भएपछि हामी स्थानीय तहमा पठाउँछौं। अहिलेको कार्यविधिमा दर्ता कसरी गर्ने ? सञ्चालन कस्तो गर्ने त्यो कुरा राख्या छौं र बजेटलाई कसरी दिने ? स्थानीय तह मार्फत दिने कि हाम्रै वनको खोलेको अफिस वा डिभिजनबाट दिने कि उपभोक्ता समितिबाट दिने कि त्यो पनि हामी अर्थ मन्त्रालयसँग कुराकानी गरि रहेका छौं । त्यो पनि आर्थिक नियमले विधिले जे गर्दा सजिलै गरी त्यो हाम्रो होमस्टेमा पैसा जान सक्छ हामी त्यो प्रकृया अवलम्बन गर्नेछौं । अरु पनि हामीले धेरै कुराहरु हाम्रो मन्त्रालयसँग माननीय सदस्यहरुले पनि भन्नु भाछ बजेटलाई कसरी तल सम्म लैजाने ? मेरो निर्वाचन क्षेत्रमा अव हामीले चाहि ३० वटा बाटाहरु पर्यटकीय बाटाहरु बनाउने भन्या छौं त्यो सबै डि.पि.आर. गुरुयोजना बनाई सकेपछि गर्ने भनेर अहिले हामी हाम्रो मन्त्रालयको १०४ वटा शीर्षकमा हामीले कार्यविधि बनाउने के ऐन बनाउने र कतिवटा बाटाहरु बनाउने कतिवटा होमस्टेहरु कहाँ सञ्चालन गर्ने ? यो सबै कुराहरुको हामीले बजेटको एउटा अन्तिम तयारीमा बल्ल मन्त्रालय पुगेको छ । तैपनि हाम्रा संरचनाहरु नभको हुनाले माननीय सदस्यहरुले दैनिक जसो मन्त्रालयमा के हुँदैछ के हुँदैछ भन्नु भाछ तर आन्तरिक काममै हामी धेरै व्यवस्थित हिसावले खट्नु पर्ने मेनपावरको कमी, त्यहाँ सचिव उपसचिव अब यो काम विशेष गरी संघीय सरकारले कर्मचारीहरु नपठाइदिंदा खेरि हामीलाई अरु विशेषज्ञहरुको सहयोग लिएर पनि हामी मन्त्रालयको काम गर्‍याछौं । तर यो महिनाभित्र अब कर्मचारीहरु आउने भएपछि भदौबाट हाम्रो मन्त्रालयले अब गति लिएर अगाडि बढ्छ र माननीय सदस्यहरुलाई सगै हामीले के पनि भन्या छम् भने प्रदेश माननीय सदस्यहरुले स्थानीय तहले न आफ्नो काम गर्‍या छ संघले नि गर्‍या छ माननीय सदस्यहरुले काम गर्दाखेरि यी सबै चिजहरुमा प्रदेश माननीय सदस्यहरुलाई इन्भल्भ गराउने प्रदेशको बजेट जाने ठाउँमा तपाईहरुकै सल्लाहले, सुझावले सक्रिय सहभागिताले काम अगाडि बढ्छ। त्यो अफिसहरु खुलेपछि अनि त्यहाँबाट तपाईहरुलाई बोलाउन लागेपछि ये

अब काम अगाडि बढेछ भन्ने कुरा हुन्छ। अहिले चाहि आन्तरिक काम भा हुनाले काम बाहिर नदेखिएकाले माननीय सदस्यहरुलाई नआत्तिन लागि पनि यी कुराहरु फेरि जति चोटि रिपिट गरेर कुरा उठाए पनि कुरा यिनै हुन्। काममा अगाडि बढेपछि कामले गति लिन्छ। अहिले हामीलाई नै लागेको छ । सरकारको अलि बढी आलोचना सुरु भएको छ केही गरेन कि सरकार अलमलियो कि। तर यो संक्रमणकालले यस्तो हुने रहेछ। कर्मचारी व्यवस्थापन नभएसम्म हामीले चाहेर पनि काम गर्न नसक्ने । तर मलाई के विश्वास छ भने मन्त्रालयमा सबै कुरा बुझि सक्दाखेरि सबै कुरा जानकारी लिई सक्दाखेरि हामी जनताले अपेक्षा गरे अनुसार जनताको इच्छा चाहना अनुसार जनताका सबै समस्या समाधान गर्नको निम्ति संघीय सरकारसँग समन्वय गरेर स्थानीय तहसँग समन्वय गरेर निजी क्षेत्रलाई पनि सक्रिय सहभागी गराएर हामी बैंक एवल प्रोजेक्टहरु बनाएर जनताको जनताको इच्छा र चाहना अनुसार अब अरु उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा जनताको अपेक्षा अनुसार काम गर्न सक्ने हिसावले हामी योजना बनाई रहेका छौं। त्यो काममा जानको लागि अझै १ महिना बाहिर काम देखिनको लागि जगभित्र हालेको ढुंगो बाहिर नआए सम्म खोइ के भ त भन्न त पाइयो तर जग पनि त सबै घर बनाउनको लागि सबैभन्दा बलियो आधार होनि त। त्यही आधार हामी निर्माण गर्दैछम्। यही विश्वास दिलाउँदै मेरो भनाई यही अन्त्य गर्न चाहन्छु। हस् धन्यबाद।

## माननीय सभामुख

अव म, माननीय भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री श्री लेख बहादुर थापा मगरलाई सभामा शून्य समय तथा विशेष समयमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय लेख बहादुर थापा मगर

माननीय सभामुख महोदय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको तर्फबाट सम्मानित सदनमा शून्य समय र विशेष समयमा उठेका विभिन्न विभिन्न समयमा उठेका मूलभूत प्रश्नहरुको म जवाफ प्रस्तुत गर्न चाहन्छु। माननीय सभामुख महोदय, मिति २०७५  वैशाख २१ गते शुक्रबार राति स्याङ्जा जिल्लाको गल्याङ नगरपालिका अन्तर्गत आँधिखोला जलविद्युत आयोजनको ड्यामसाइडभन्दा केही माथिबाट खिलुङ कालिका एग्रो पोल्ट्री फार्मबाट उत्सर्जन भएको कुखुराको सुलीसहितको फोहोर जम्मा पार्ने  स्थानमा जम्मा गरिएको फोहोरमैला चुहावट भई आँधीखोलामा मिसिन पुगेकाले सोही कारणले सोही कारणबाट विभिन्न जलचर  तथा जिवजन्तु  सहित अनुमानमा १४ टन माछा मोरेको जानकारी प्राप्त भएको छ। यो माछाको मतलव मरेको भर्खरै बारेमा सबाल थियो। यस सम्बन्धमा क्षति मूल्याङ्कन तथा छानविन गर्नको लागि गल्याङ नगरपालिकाका उपप्रमुखको संयोजकत्वमा कार्यदल गठन भई सार्वजनिक सुनुवाइ गरी माछा मर्नुको कारण सहिताको प्रतिवेदन जिल्ला प्रशासन कार्यालय स्याङ्जामा पेश भएको छ। कुखुराको सुली सहित विविध रसायन मिसिएको फोहोरमैला भएको पानीमा अत्याधिक मात्रामा एमोनिया भएकोर सोही कारणबाट माछा मरेको हुन सक्ने भनी प्राविधिक प्रतिवेदनमा उल्लेख गरिएको छ। स्थानीय जनताको प्रत्यक्ष सहभागितामा क्षति मूल्याङ्कन गर्दा झन्डै १४ टन माछा मरेको कारणले अनुमानित ९० लाख बराबरको क्षति भएको भनी प्रतिवेदनमा उल्लेखित छ। यसप्रकारको कार्य जलचर संरक्षण एन अन्तर्गत २०१७ बिपरित भएकाले कसुरवालालाई सोही ऐन बमोजिम कारवाही हुने र सो सम्बन्धी मुद्धा प्रमुख जिल्ला अधिकारीबाट कारवाही हुने भएकाले यस सम्बन्धी जिल्ला प्रशासन कार्उालय स्याङ्जामा कारवाहीको प्रकृयामा रहेको कुरा यस सम्मानित सदनलाई अवगत गराउन चाहन्छु। फोहोरमैला उपयुक्त व्यवस्थापन नगर्ने उक्त कालिका एग्रो प्रालिले सो स्थानमा प्राकृतिक जीवजन्तु तथा माछाको वासस्थान सुधार एवं पुर्नस्थापनाको गर्नको लागि आवश्यक व्यवस्था गर्न स्थानीय तह समेतबाट आवश्यक निर्देशन दिएको र हाल उक्त स्थानमा पानीका बहाव बहेको हुँदा जलचरको वासस्थान सुधार हुँदै आएको व्यहोरा सदन समक्ष जानकारी गराउँदछु ।

अर्को सबाल थियो प्राकृतिक प्रकोपको सन्दर्भमा, बाढी पहिरोको बारेमा। प्राकृतिक प्रकोप बाढी, पहिरो, असिना, हावाहुरी, आगोलागी, आदिबाट यस प्रदेशका किसानहरुले नोक्सानी व्यहोर्दै आएका छन्। यस प्रदेशका अधिकांश जनता कृषिमा आश्रित भएकाले उनीहरु बढी मर्कामा परेका छन्। यस प्रदेश अन्तर्गत बागलुङ जिल्लाको काठेखोला गाउँपालिका वडा नं. २ स्थित पशुश्रोत केन्द्रमा आगोलागीबाट भएको क्षतिको राहत स्वरुप भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको आकस्मिक सेवा कोषबाट कार्यक्रमबाट रु. ३ लाख राहत उपलब्ध गराइएको छ । यसै गरी यस प्रदेशको बाढी पहिरो असिनाबाट क्षति पुऱ्याइएको जिल्लाहरुमा कुलो सानो सिचाइ मर्मत तथा असिनाले पुऱ्याइएको क्षतिको लागि १९ जना पिडित कृषक तथा कृषि फर्महरुलाई आकस्मिक सेवा टेवा कार्यक्रम बमोजिम राहत उपलब्ध गराइएको व्यहोरा यस सम्मानित सदन समक्ष जानकारी गराउँदछु ।

३ नं. मा पशुचौपायहरुको छाडाको बारेमा छ । पशुचौपाय खास गरी गाई गोरु छाडा छोड्ने कार्य समस्याको रुपमा भएको छ । यो स्थानीय तहको कार्यक्षेत्रभित्र पर्दछ । पोखरा लेखनाथ महानगरपालिकाले यस सम्बन्धमा कार्ययोजना बनाइ सो काम बमोजिम कार्य गरि रहेको छ। यसै कार्ययोजना अनुसार यसै महानगरपालिकाको वडा नं. १७ मा गाई प्रजातिको पशुहरुलाई लाई त्यागिङ गरी कृषकलाई गाई धनी प्रमाणपत्र दिने र तिनीहरुको खरिद बिक्री हुँदा वडा कार्यालयमा जानकारी दिनु पर्ने व्यवस्था गरिएको छ । यस समस्यालाई सम्बोधन गर्न के कस्तो नितिगत व्यवस्था गर्न सकिन्छ स्थानीय तहसँग समन्वय गरी कार्य अगाडि बढाइने र यस सम्बन्धमा आवश्यक कानून प्रदेश सरकारबाट आवश्यक कानून बनाइ कार्यान्वयनमा ल्याइने व्यहोरा सम्मानित सदनलाई म जानकारी गराउन चाहन्छु। माननीय सभामुख महोदय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने सहकारीले कृषक लगायत सर्वसाधारण नागरिकसँग प्रत्यक्ष सम्बन्ध राख्दछ। संघीय सहकार्य ऐन ७४ ले एक स्थानीय तहमा कार्यक्षेत्र भएका सहकारी संस्थाहरु सम्बन्धित स्थानीय तहले नियमन गर्ने र २ वा सो भन्दा बढी कार्यक्षेत्र भएका सहकारी संस्थाहरु प्रदेश

मन्त्रालयले नियमन गर्ने व्यवस्था गरेको छ। हाल यस प्रदेशमा २ वा सो भन्दा बढी स्थानीय तहमा कार्यक्षेत्र भएका ९३५ वटा सहकारी संस्थाहरुको अभिलेख यस मन्त्रालयले बरबुझराथ गरी लिएको छ । यसैले शिघ्र प्रदेश सहकारी ऐनको खाँचो परेको हुँदा गण्डकी प्रदेश सहकारी ऐन सहकारी विधेयक २०७५ मस्यौदा तयार गरी सरोकारवालाहरुसँग छलफल गरी विधेयकलाई अन्तिम रुप दिई उक्त विधेयकलाई आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सहमतिका लागि पठाइएको छ। शिघ्र उक्त विधेयकले सदनमा प्रवेश पाउने व्यहोरा सम्मानित सदनलाई अवगत गराउन चाहन्छु र सहकारी समस्यालाई त्यो मार्फत हल गरिनेछ र अर्को प्रश्न सवाल छ यो प्राकृतिक पहिरो बाढीको बारेमा । सधै झै यस वर्ष पनि बाढी पहिरो प्राकृतिक प्रकोपबाट जनधनको नोक्सान भएको छ ।

यसबाट किसानका पशुचौपाया लगायत खेतीयोग्य जमिनको नोक्सान भएको छ । यस प्रदेश अन्तर्गत गोरखा जिल्लाको सहिद लखन गाउँपालिकाको रुदिखोलामा आएको बाढीले सो गाउँपालिका वडा नं. १, ५ र ६ मा र गोरखा नगरपालिकाको सिदीखोलामा आएको बाढीले उक्त नगरपालिकाको वडा नं १० र ११ मा पुऱ्याएको जनधनको क्षति नोक्सानी त्यसै गरी बागलुङ जिल्लाको बर्याङ गाउँपालिका वडा नं. १ लोरुङमा गएको पहिरोले गरेको धनजनको क्षति लगायत अन्य विभिन्न प्रदेशको विभिन्न क्षेत्र जिल्लाको विभिन्न क्षेत्रमा भएको क्षतिको बारेमा यसको विवरण उपलब्ध गराउन सम्बन्धित स्थानीय तहलाई अनुरोध गरिएको छ। विवरण प्राप्त भइसकेपश्चात कृषकको जमिन तथा चौपाया नोक्सान भएको अवस्थामा यस मन्त्रालयले आकस्मिक सेवा टेवा कार्यक्रमबाट आवश्यक सहयोग पुऱ्याइने जानकारी म सम्मानित सदन समक्ष जानकारी गराउँछु। धन्यबाद । थ्याक्यु ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म मिति २०७५ असार ६ गते बसेको सभाको बिसौं बैठकबाट दफावार छलफलका लागि विधायन समितिमा पठाईएको **"प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक"** को प्रतिवेदन सभा

समक्ष  प्रस्तुत गर्न सो  समितिका सदस्य माननीय श्री सावित्रा रानालाई समय दिन्छु ।

## माननीय  सावित्रा राना

माननीय सभामुख ज्यू, मिति २०७५ साल असार ६ गते बसेको यस सभाको बैठकको निर्णय अनुसार  दफावार छलफलका लागि विधायन समितिमा पठाइएको  प्रस्तुत **"प्रदेश दूग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक"** सम्बन्धमा छलफल गर्न मिति २०७५ साल साउन २, १३  तथा  १८ गते  समितिको बैठक बसेको थियो ।

समितिको वैठक समितिका सभापति माननीय श्री मोहन प्रसाद रेग्मीको  अध्यक्षतामा बसेको थियो । उक्त वैठकमा समितिका माननीय सदस्यहरु श्री आशा कोइराला, श्री कृष्णचन्द्र नेपाली पोखेल, श्री चन्द्र बहादुर बुढा, श्री धनमाया पोखरेल (लामा), श्री मनबहादुर गुरुङ, श्री राजिव पहारी, श्री ललितकला गुरुङ, श्री विष्णु प्रसाद लामिछाने तथा श्री सावित्रा रानाको उपस्थिति रहेको थियो भने माननीय सभामुख नेत्रनाथ अधिकारी तथा माननीय मन्त्रीहरु हरिबहादुर चुमान तथा लेखबहादुर थापा मगरको विशेष उपस्थिति रहेको थियो ।

समितिको निर्णय अनुसार विधेयक सम्बन्धमा छलफल गर्न समितिको वैठकमा भूमि व्यवस्था, कृषि तथा सहकारी  सचिवलाई समेत आमन्त्रण गरिएको थियो ।

यस प्रकार समितिको विभिन्न मितिमा बैठक बसी व्यापक छलफल गरी, सबैको राय र परामर्शलाई समेत समावेश गरी उक्त विधेयक सम्बन्धमा समितिको सर्वसम्मतिबाट निर्णय भए बमोजिम संलग्न संशोधन सहितको प्रतिवेदन प्रदेश सभा नियमावलीको नियम ११९ बमोजिम पेश गर्दछु  धन्यबाद ।

सावित्रा राना

सदस्य विधायन समिति

धन्यबाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अव म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरि बहादुर चुमानलाई मिति २०७५ साल श्रावण १३ गते सभामा टेवल भई सामान्य छलफल समेत भएको **"केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक"** दफावार छलफलको लागि विधायन समितिमा पठाईयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय हरि बहादुर चुमान

माननीय सभामुख महोदय , सम्मानित सभामा मिति २०७५ साल श्रावण १३ गते प्रस्तुत भएको र मिति २०७५ साल श्रावण १४ गते सभामा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भइ सामान्य छलफल समेत भएको केही प्रदेश कानून संशोधन गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को १०८ को उपनियम १ बमोजिम दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु ।

धन्यबाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब "**केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस्**" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

("**हुन्छ**" भन्ने आवाज आयो)

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "**हुन्न**" भन्नुहोस् ।

("**हुन्न**" भन्ने आवाज आएन)

"**हुन्न**" भन्ने आवाज सुनिएन, तसर्थ **"केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक दफावार छलफलको लागी विधायन समितिमा पठाइयोस्"** भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अव म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरि बहादुर चुमानलाई मिति २०७५ साल श्रावण १३ गते सभामा टेवल भई सामान्य छलफल समेत भएको **"मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** दफावार छलफलको लागि विधायन समितिमा पठाईयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय हरि बहादुर चुमान

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ साल श्रावण १३ गते प्रस्तुत भएको र मिति २०७५ साल श्रावण १४ गते सभामा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भइ सामान्य छलफल समेत भएको **"मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवा शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** विधेयक प्रदेश सभा नियमावली २०७४ को १०८ को उपनियम १ बमोजिम दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यबाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब **"मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

(**"हुन्छ"** भन्ने आवाज आयो)

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

(**"हुन्न"** भन्ने आवाज आएन)

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ "मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागी विधायन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव **सर्वसम्मतिले स्वीकृत भएको** घोषणा गर्दछु ।

अब म, माननीय उपसभामुख श्री श्रृजना शर्मा अस्वस्थ हुनु भएको र माननीय सदस्य श्री रामजी प्रसाद बराल जीवन अस्वस्थ भई काठमाडौ मेडिकल कलेज, काठमाडौमा उपचाररत रहनु भएको हुँदा यस सभाको तर्फवाट उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

**माननीय सदस्यहरु अब यो बैठक २०७५ साल श्रावण २१ गते दिनको २:०० बजेसम्मको लागि स्थगित हुन्छ ।**